# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।०१।१९

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतोलाई महोत्तरीको बर्दिबास नगरपालिका-१३ स्थित जनता माध्यामिक विद्यालयका प्रधानाध्यापक भरतप्रसाद यादबले दुर्व्यवहार गरेकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

वैशाख १९ गते शुक्रबार अन्नपूर्ण पोष्ट दैनिकका वरिष्ठ सम्वाददाता तथा द पब्लिक टुडे दैनिकका सम्पादकसमेत रहेका महतोलाई यादवले विद्यालय परिसरमै 'तिमी स्कुलको लागि घातक हौ' भन्दै दुर्व्यवहार गरेको महासंघ महोत्तरी शाखाले जनाएको छ ।

जुनसुकै वहानामा भए पनि पत्रकारमाथि यस किसिमको व्यवहार हुनु अत्यन्त निन्दनीय र  खेदजनक छ । महासंघ संविधानले सुनिश्चित गरेको प्रेस स्वतन्त्रताको सम्मान गर्न र आगामी दिनमा यस्ता घटना नदोहोरिनेतर्फ विशेष ध्यान दिन स्थानीय प्रशासनसंग माग गर्दछ ।

**रामप्रसाद दाहाल**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org